**Machhapuchchhre Bank Limited**
**माछापुच्छ्रे बैंक लिमिटेड**
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था)

89212

च.नं : MBL/CS/075/76-27

मिति : २०७५/०८/२७

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,
सिंहदरवार प्लाजा,
काठमाण्डौ, नेपाल ।

**विषय : वार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज बन्द गर्ने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस बैंकको मिति २०७५।०८।२६ गते बसेको संचालक समितिको ३८५ औं वैठकको निर्णयानुसार यस बैंकको बिसौं वार्षिक साधारण सभा देहायका विषयहरुमा छलफल तथा निर्णय गर्नका लागि निम्न लिखित मिति, समय र स्थानमा बस्ने भएको हुँदा जानकारीको लागि अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान :**

सभा हुने मिति : २०७५ साल पौष २० गते (तदनुसार ४ जनवरी २०१९), शुक्रबार ।
सभा शुरु हुने समय : विहान ११:०० बजे ।
स्थान : होटल पोखरा ग्राण्ड, पार्दि, पोखरा, कास्की ।

**छलफलका विषयहरु :**

क. सामान्य प्रस्ताव :

१. आर्थिक वर्ष २०७४/७५ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात तथा आर्थिक वर्ष २०७४/७५ को नाफा नोक्सान हिसाब र सोहि अवधिको नाफा नोक्सान बाँडफाँड तथा नगद प्रवाह विवरण लगायत सम्पूर्ण वित्तीय विवरणहरु पारित गर्ने ।
३. आर्थिक वर्ष २०७५/७६ को लागि लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हाल बहालवाला लेखापरीक्षक M/s G.P. Rajbahak & Co. कम्पनी ऐन, २०६३ को दफा १११(३) तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३(३) बमोजिम पुनः नियुक्ती हुन योग्य हुनुहुन्छ ।) ।
४. बैंकको सञ्चालक समितिले प्रस्ताव गरे अनुसार शेयरधनीहरुलाई रु. ८०,५५,६९,३००.०० अर्थात चुक्ता पूँजीको १० प्रतिशत (कर सहित) का दरले नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
५. संस्थापक समूहका शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने ३ (तीन) जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

ख. विशेष प्रस्ताव :

१. माछापुच्छ्रे बैंक लिमिटेड र अन्य उपयुक्त बैंक तथा वित्तीय संस्था(हरु) एक आपसमा गाभ्न/गाभिन (मर्जर गर्न) वा प्राप्ती (एक्विजसन) गर्न तथा बैदेशिक रणनीतिक साझेदारीमा जान उपयुक्त देखिएमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोबारको मूल्यांकनका लागि मूल्यांकनकर्ता नियुक्ती गर्न, गाभ्ने गाभिने वा प्राप्ती गर्ने सम्बन्धी सम्झौता गर्न तथा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडि बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

Machhapuchchhre Bank Ltd. Head Office



**Head Office:**
P.O.Box: 12427, MBL Tower, Lazimpat, Kathmandu, Nepal, Tel: +977-01-4428556, Fax: +977-01-4425356, SWIFT: MBLNNPKA, Email: machbank@mbl.com.np, Website: www.machbank.com
MBL-ADM-001

२. निम्न विषयहरुका सम्बन्धमा प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनमा नियमनकारी निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड आदि) ले संशोधन, परिवर्तन वा थप/घट गर्न सुझाव वा निर्देशन दिएमा सो अनुसार आवश्यक संशोधन, परिवर्तन वा थप/घट गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(क) प्रचलित ऐन, कानुन तथा नियामक निकायको निर्देशनको अधिनमा रही आँफै वा सहायक कम्पनी स्थापना गरी जीवन बीमा, निर्जिवन बीमा, पुनर्बीमा, भेञ्चर क्यापिटल/प्राईभेट ईक्विटी/ हेज फण्ड, क्रेडिट रेटिङ्ग, धितोपत्र दलाल (स्टक ब्रोकर), धितोपत्र बजार (स्टक एक्स्चेञ्ज), मर्चेण्ट बैंकिङ्ग, वित्तीय प्रविधि (फिन्टेक) सम्बन्धी सेवा लगायतका कार्यहरु गर्ने ।

(ख) सञ्चालक समितिमा सर्बसाधारण समूहका शेयरधनीहरुको तर्फबाट कम्तिमा एक जना महिला सञ्चालक रहने व्यवस्था कायम गर्ने ।

(ग) सञ्चालक समितिको अध्यक्ष र सदस्यको बैठक भत्ता क्रमशः रु.१५,०००/– र रु.१२,०००/– कायम गर्ने ।

ग. बिविध ।

**साथै,सो प्रयोजनका लागि मिति २०७५ पौष ६ गतेदेखि २०७५ पौष २० गते सम्म बैंकको शेयर दाखिल खारेज बन्द रहने छ ।**

भवदिय,

टिका भट्टराई
कम्पनी सचिव

Machhapuchchhre Bank Ltd. Head Office

सुमन शर्मा
प्रमुख कार्यकारी अधिकृत



**Head Office:**
P.O.Box: 12427, MBL Tower, Lazimpat, Kathmandu, Nepal, Tel: +977-01-4428556, Fax: +977-01-4425356, SWIFT: MBLNNPKA, Email: machbank@mbl.com.np, Website: www.machbank.com